बैठक संख्या : १३

आज मिति : २०७५ साल जेष्ठ २ गते बुधबार यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितीमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिती :

अध्यक्ष श्री देवीप्रसाद आचार्य

उपाध्यक्ष श्री सरला राई

वडा अध्यक्ष (वडा नं. १) श्री नरबहादुर राई

वडा अध्यक्ष (वडा नं. २) श्री गौरीप्रसाद राई

वडा अध्यक्ष (वडा नं. ३) श्री खगेन्द्र मादेन लिम्बु

वडा अध्यक्ष (वडा नं. ४) श्री बुद्धिमान लिम्बु

वडा अध्यक्ष (वडा नं. ५) श्री रुद्र लिङ्देन

वडा अध्यक्ष (वडा नं. ६) श्री बुद्धिलाल निरौला

वडा अध्यक्ष (वडा नं. ७) श्री सुशिलराज चौहान

वडा अध्यक्ष (वडा नं. ८) श्री नगिन्द्र कार्की

वडा अध्यक्ष (वडा नं. ९) श्री सोमनाथ अधिकारी

कार्यपालिका सदस्य श्री जुना खड्का

कार्यपालिका सदस्य श्री सारदा मगर

कार्यपालिका सदस्य श्री पवित्रा बराईली

कार्यपालिका सदस्य श्री मीनाकुमारी विश्वकर्मा

कार्यपालिका सदस्य श्री गोपाल विश्वकर्मा

कार्यपालिका सदस्य श्री बालिका विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य

लेखापाल श्री राजेश खतिवडा

ई-अ. अधिकृत चिन्तामणी पौडेल -

युवराज आ...
प्रमुख प्रशासकीय ...

**निर्णयहरु :**

**निर्णय नं. १ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ बमोजिम आगामी श्रावण १ गते देखि सबै स्थानीय तहहरुले अनिवार्य रुपमा एकिकृत सम्पत्ती कर प्रणालीको शुरुवात गर्नु पर्ने भएकोले त्यसलाई नियमन गर्नका लागि यस बैठकमा पेश भएको एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि, २०७५ लाई स्वीकृत गर्ने र एकिकृत सम्पत्ती करको लागि सम्पत्ती मूल्याङ्कन र करको दररेट राजस्व परामर्श समितिको सिफारिसको आधारमा आगामी गाउँसभाले पेश गरे बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. २ :** गाउँपालिकाको कार्य, आम्दानी, खर्च र प्रणालीलाई व्यवस्थित, पारदर्शी, जनउत्तरदायी र विश्वासयोग्य बनाई गाउँपालिकामा सुशासनलाई प्रभावकारी बनाउन समय समयमा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यहि जेष्ठ ६ गते आईतबार गाउँ कार्यपालिका कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने जसमा गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सबै वडा अध्यक्षज्यूहरु र जनताबाट आउने प्रश्नको आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाका कर्मचारीहरु उत्तरदाताको रुपमा रहने साथै कार्यक्रममा व्यापक सहभागित गराउन सबै वडाहरु र कार्यपालिका कार्यालयबाट व्यापक प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** गाउँ कार्यपालिकाबाट पारित विभिन्न नियमावली, कार्यविधि र निर्देशिकाहरुमा व्यवस्था भएका समितिहरु अनुमोदन गर्दै कियाशिल बनाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** गाउँपालिकाको कार्यसम्पादनको लागि अति आवश्यक निम्न कार्यविधि तथा निर्देशिका आजको बैठकमा पेश भई छलफल भयो । उक्त कानूनहरु पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५

ख) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

**निर्णय नं. ५ :** यस गाउँपालिका अन्तर्गत वडा नं. २, ४ ,५ र ८ मा भवन निर्माणको लागि बोलपत्र आव्हान गरिएकोमा वडा कार्यालयहरुको प्रस्तावित ड्इङ, डिजाईन, 3D लाई परामर्शदाताको तर्फबाट यस बैठकमा प्रस्तुत भई छलफल भयो ।

**निर्णय नं. ६ :** गाउँ कार्यपालिकाको विभिन्न मितिको बैठकबाट विभिन्न कार्यक्रम तथा आयोजनाहरुको लागि रकम माग भई आएको र त्यस्ता आयोजना तथा कार्यक्रमको लागि रकम उपलब्ध गराउन गाउँपालिका अध्यक्षज्यूको संयोजनकत्वमा गठित समितिको बैठकले निम्न अनुसार रकम उपलब्ध गराउने निर्णयसाथ पेश भएकोले सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क) सामुदायिक ग्रामीण अपाङ्ग उत्थान संघ को कार्यक्रमको लागि रु. ५,०००।

ख) प्रगतिशिल लेखक संघ, नेपालको कार्यक्रमको लागि रु. १२,०००।

ग) कौडिन्य गोत्री आचार्य समाजको पात्रोमा विज्ञापन बापत रु. १०,०००,

...राज आचार्य
...कीय अधिकृत

घ) संचार क्लब नेपाल उर्लाबारीको कार्यक्रमको लागि रु. ५०००।

ङ) भक्ती बहादुर राई आर्थिक सहायता रु. ५,०००।

च) नेपाल रेडकस सोसाईटीको कार्यक्रमको लागि रु. १०,०००।

छ) सशस्त्र प्रहरी बेसक्याम्प, उर्लाबारीको गाडी मर्मतको लागि रु. १५,०००।

ज) रुद्र भण्डारीलाई आर्थिक सहायता रु. १,०००।

झ) टीकाराम दाहाल आर्थिक सहायता रु. १०००।

ञ) आदिवासी जनजाति प्रतिष्ठानको भवन मर्मतको लागि रु. १,००,०००।

ट) कोलुङ झरना सडक निर्माण, वडा नं. ५ रु. १,००,०००।

ठ) कल्भर्ट निर्माण बुद्धिमान थापाको घर पश्चिम वडा नं. ६ रु. ८०,०००।

ड) मुस्कान खोल्सी कल्भर्ट निर्माण, वडा नं. ४, रु. ८०,०००।

ढ) वडा नं. ९ को मुख्य बजार क्षेत्रमा ड्रेन निर्माण साथै सडक कालोपत्रे रु. ३०,००,०००।

(साझेदारीको रकमबाट) ५०/५० प्रतिशत

ण) मानेडाँडा -सुन्दरीचौक सडक स्तरोन्नती वडा नं. ३, रु. ७,००,०००।

(साझेदारीको रकमबाट) ५०/५० प्रतिशत

त) बकाहा खोला तटबन्धन (साझेदारीको रकमबाट) ५०/५० प्रतिशत

अ) कसेनी खण्ड रु. ५,००,०००।

आ) शान्तिटोल खण्ड रु. ५,००,०००।

इ) खामेझोडा खण्ड रु. ५,००,०००।

साझदेरीको रकमबाट योजनाहरुलाई उपलब्ध गराइएको रकम नगदै बैंक जम्मा गरेको भौचर प्राप्त भएपछि मात्र कार्यालयले सम्झौता गर्नेछ।

निर्णय नं. ७ : यस गाउँपालिका अन्तर्गत वडा नं. २, ४, ५ र ८ को कार्यालय भवन निर्माणको लागि गाउँसभाबाट स्वीकृत बजेट भन्दा पहिलो तला सम्मको लागत अनुमान रकम ब्रद्धी आएको साथै ठेक्का व्यवस्था गर्ने कार्य पनि ढिलो हुन गएको कारण उक्त योजनाहरुलाई बहुवर्षिय योजनको रुपमा स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : प्रस्तावित मिक्लाजुङ क्याम्पस संचालनको लागि प्रथम गाउँसभाबाट स्वीकृत रकम भवन निर्माणको लागि सशर्त अनुदानको रुपमा उपलब्ध गराउनको लागि क्याम्पस संचालन तदर्थ समितिले निर्णय गरी माग गरेकोले उक्त रकम पछि बिल भरपाई तथा अन्य कागजातहरु प्राप्त भएपछि फ़ाछ्यौंट हुने गरी भवन निर्माण सशर्त अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो।

युवराज ...
प्रमुख प्रशासकीय

**निर्णय नं. ९ :** गाउँपालिकालाई खुल्ला दिशामुक्त घोषणा गर्न आवश्यक काम कारबाही अगाडि बढाउन गाउँपालिका स्तरीय खानेपानी तथा स्वच्छता समन्वय समिति गठन गर्नुपर्ने भएकोले देहाय बमोजिम RM WASH CC गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | – अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | – उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| सबै वडा अध्यक्षहरु | – सदस्य |
| शिक्षा अधिकृत | – सदस्य |
| गाउँपालिकाका प्रहरी चौकी प्रमुखहरु | –सदस्य |
| समितिले तोकेका विद्यालयका प्र.अ. हरुमध्येबाट तीन जना | –सदस्य |
| सामाजिक परिचालकहरु | –सदस्य |
| खानेपानी उ.स. का अध्यक्षहरु | –सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | – सदस्य सचिव |

**निर्णय नं. १० :** यस मिक्लाजुङ गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँपालिका क्षेत्र भित्रका खोलाहरुबाट खोलाजन्य पदार्थ निकासी गरे बापत तोकिएको रकम उठाउन वडा कार्यालयहरु मार्फत जिम्मेवारी पाउने व्यक्तिहरुबाट रकम उठाई गाउँपालिकाको खातामा समेत जम्मा गरि सकेको हुनाले ती व्यक्तिहरुलाई रकम उठाए बापत उठेको रकमको पाँच प्रतिशत रकम कमिशन बापत भुक्तानी गर्ने निर्णय गरियो ।

आजको बैठक यहि स्थगित गरियो ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत